"कृषि, पर्यटन, उद्योग, भौतिक पूर्वाधार : समावेशी र समृद्ध राजापुरको मूल आधार"

## नगर उप-प्रमुख श्री मनकला कुमारी चौधरीज्यूद्वारा पाँचौ नगर सभामा प्रस्तुत गर्नु भएको

# नीति तथा कार्यक्रम

## आ.व. २०७७/०७८

# राजापुर नगरपालिका

प्रदेश नं. ५

२०७७ अषाढ ७

"कृषि, पर्यटन, उद्योग, भौतिक पूर्वाधार,
समावेशी र समृद्ध राजापुरको मूल आधार"

नगर प्रमुख श्री शिव प्रसाद चौधरी ज्यूबाट,
प्रमाणीकरण मिति : २०७७/०३/१४
नगर सभाबाट स्विकृत मिति : २०७७/०३/०९

**नगर सभाका अध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

१. सम्पूर्ण विश्व नै नोवेल कोरोना भाइरस (कोभिड-१९) महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण, असहज परिस्थिति र बन्दाबन्दीका बीच आज म आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम यस सभामा पेश गर्दैछु ।

२. यो चुनौतिपूर्ण घडीमा नगर सभालाई सम्बोधन गरिरहँदा लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली, नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र जनजिविकाका लागि भएका आन्दोलन, संघर्षहरुमा अमुल्य जीवन बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै नगरसभा सदस्य लाहानु थारुको मिति २०७६/०४/२४ गते असमाहिक निधनबाट हामी मर्माहित भएका छौं । मृतक आत्माको चिरशान्तिको लागि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको बलिदानीपूर्ण संघर्षमा घाइते र बेपत्ता नागरिकहरुलाई सम्मानका साथै राष्ट्र हित र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान गर्दछु । एवम्रुपमा योगदान पुऱ्याउने सम्पूर्ण जन समुदायहरुलाई पनि सम्झन चाहन्छु ।

३. हामी स्वाभिमानी नेपाली कहिल्यै झुक्दैनौ । नक्सा, प्रमाण र ऐतिहासिक सन्धिका आधारमा मित्र राष्ट्र भारत सँगको सीमा विवाद, लामो समय देखि उठीरहेको विषय लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालको भुमि हो । लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितको नेपालको नक्सा जारि गरी संघीय संसदबाट समेत पारित भैसकेकोले नेपाल सरकार र संघीय संसदप्रति राजापुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

४. कोभिड -१९ महामारीका कारण मानव जीवनमाथि ठूलो संकट उत्पन्न भएको छ । यसबाट राजापुर नगरपालिका पनि अछुतो छैन । यस महामारी विरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् साथै हालसम्मको यसको कुनै पनि औषधि तथा खोप बनेको छैन । यस महामारीबाट संक्रमित भई नेपाल बाहिर तथा नेपालमै जीवन गुमाउने नेपाली तथा सम्पुर्ण मानवजाती प्रति हार्दिक श्रद्धान्जली साथै सोकाकुल परिवार प्रति गहिरो समवेदना व्यक्त गर्दछु । साथै उपचारत सम्पुर्ण दिदीबहिनी तथा दाजुभाइहरुको शिघ्र स्वास्थलाभको कामना गर्दछु ।

५. कोभिड-१९ ले यस नगरपालिकामा समेत सम्पुर्ण रुपमा प्रतिकुल असर पारेको छ । उद्यम व्यवसाय, उत्पादन र वितरण प्रणाली, विकास निर्माण, रोजगारी सिर्जना, सेवा प्रवाह, दिगो विकास लक्ष्य तथा यस

नगरपालिकाको लक्ष्यहरु पुरा गर्न समेत ठूलो व्यवधान सिर्जना भएको छ । आगामी दिनमा समेत थप चुनौति उत्पन्न हुनसक्ने देखिन्छ जसको सामनाको लागि आजै देखि तयार हुनुपर्ने अवस्था रहेको छ ।

६. कोभिड १९ को संक्रमण प्रारम्भ भए लगत्तै स्थानीय सरकार राजापुर नगरपालिकाले अवलम्बन गरेको रणनीति, समन्वयात्मक कार्य, नगरबासीको एकता, धैर्य र सहयोगले यस रोगको संक्रमणबाट अहिलेसम्म नगरभित्र सबै नगरबासीको जीवन रक्षा गर्न सफल भएका छौं । संक्रमण थप फैलन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सर्तकता, समन्वय र एकता आवश्यक भएकोले दृढताका साथ एकढिक्का हुन म सबै नगरबासीमा आह्वान गर्दछु ।

७. कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणका लागि उठाएको कदममा राजापुर नगरपालिकामा जोखिमपूर्ण परिस्थितिमा अग्रपङ्तीमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, चिकित्सक, नर्स, चालक, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधि लगाएत सम्पुर्ण जनसमुदाय प्रति म उच्च प्रसंशा गर्दछु ।

८. अत्यावश्यक बस्तुको आपूर्ति सहज बनाउने सबै व्यक्ति समुदाय संघसंस्था, राजनीतिक दल, निजी तथा व्यवसायिक क्षेत्र, प्रचारप्रसारमा सहयोग गर्ने साथी एफ.एम., कोठियाघाट साप्ताहिक लगाएत सम्पुर्ण संचारजगत र कोरोना रोकथाम तथा नियन्त्रण, उपचार, राहत वितरण, क्वारेन्टीन व्यवस्थापनमा सहयोग रकम उपलब्ध गराउने सबै सहयोगी मनहरु प्रति राजापुर नगरपालिका हार्दिक आभार प्रकट गर्दछ ।

**नगर सभाका अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०७६/०७७ मा भए गरेका उपलब्धी र सुधार गर्नुपर्ने पक्षहरुका बारेमा संक्षेपमा चर्चा गर्दछु ।

९. राजापुर नगरपालिका नगरबासीसँग गरेको प्रतिवद्धता अनुरुप "कृषि, पर्यटन, उद्योग, भौतिक पूर्वाधार : समावेशी र समृद्ध राजापुरको मूल आधार" भन्ने नारालाई साकार पार्न दृढ अठोटका साथ अघि बढीरहेको छ । हामीले सिङ्गो कार्यकालका लागि प्रस्तुत गरेका लक्ष्य र प्रतिवद्धताहरु अघिल्ला नीति तथा कार्यक्रम सहितको बजेट मार्फत क्रमशः कार्यन्वयन हुँदै आएका छन् । हाम्रो दृष्टिकोण स्पष्ट छ, गन्तव्य निश्चित छ, लक्ष्यहरु निर्धारित छन् । उक्त गन्तव्य तथा लक्ष्यहरु प्राप्त गर्नको लागि कार्यान्वयन पक्ष थप परिणाममुखी बनाउने प्रयास गरिएको छ ।

१०. कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि नगरपालिका सुरुदेखि नै क्रियाशील छ । अतिरिक्त स्रोत परिचालनका लागि छुट्टै कोषको व्यवस्था गरी सरकारी, निजी र अन्य क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा हुने र खर्च गर्ने व्यवस्था मिलाईएको छ । बन्दाबन्दीको अवस्थामा नगरपालिका विभिन्न संयन्त्रमार्फत औषधी, खाद्यबस्तु लगायतका अत्यावश्यक उपभोग्य बस्तुहरुको सहज आपूर्ति हुने व्यवस्था गरिएको छ ।

११. महामारी र बन्दाबन्दीबाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत मजदुर, गरिब, असहाय तथा विपन्न परिवार, दैनिक कमाइ गरी जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दी र अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी राहत वितरण गरिएको छ ।

२०७७/३/१४

१२. यस राजापुर नगरपालिकाले यस क्षेत्रमा बसोबास गर्ने नागरिकको स्वास्थ्य क्षेत्रमा सर्बसुलभ तथा गुणस्तरीय सेवाको पहुँच स्थापित गर्न विषेशज्ञ सहितको घुम्ति सेवा, सिकलसेल एनिमियाको उपचारको लागि आवश्यक पर्ने उपकरणहरुको खरिद, जेष्ठ नागरिकहरुका लागि घरमा गई आधारभूत स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने, सबै वडामा स्वास्थ्य संस्थाको स्थापना, पूर्ण खोपयुक्त नगरपालिका घोषणा, प्रसुति केन्द्रको स्थापना तथा संचालन, आकस्मिक अवस्थामा प्रेषण गर्नका लागि प्रत्येक प्रसुति केन्द्रमा आकस्मिक चक्र कोषको स्थापना तथा संचालन, सेटेलाइट क्लिनिक संचालन, स्वास्थ्य विमा, स्तनपान कक्षको स्थापना, पोषण सम्बन्धि प्रभावकारी कार्यक्रम संचालन, सर्ने तथा नसर्ने रोगको उपचारको लागि निःशुल्क स्वास्थ्य शिविर संचालन, प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु संचालन गरिएको छ । साथै क्यान्सर, किड्नी, मुटु, सिकलसेल लगाएतका गम्भिर प्रकृतिका रोगहरुको उपचारका लागि यस नगरपालिकाबाट आर्थिक सहयोगका लागि सिफारिस गरिदै आएको छ ।

१३. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि १०५० बेड क्षमता भएको १८ वटा क्वारेन्टिनको व्यवस्था गरिएको छ भने संक्रमितहरुको उपचारको लागि अत्यावश्यक सुविधा सहितको ५२ शैयाको Isolation Ward र ३० शैयाको Pre Isolation Ward को निर्माण गरिएको छ ।

१४. यस आ.व.को मध्यतिरबाट माहामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण, साझा अधिकारका विषयमा अस्पष्टता, संघ र प्रदेशले आवश्यक ऐन, कानून बनाई नसकेकोले अन्योलता, भौतिक संरचनाको अपर्याप्तता र स्रोत साधनको कमि आदी कारण आशातित उद्देश्य प्राप्ति गर्न नसकेतापनि सन्तोषजनक काम भएका छन् ।

१५. सुशासन, पारिदर्शिता, जवाफदेहिता, सेवा प्रवाह, उत्तरदायित्व लगायत विविध विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र GIZ को सहयोगमा तथ्य र प्रमाणमा आधारित संस्थागत स्वमूल्यांकन गरिएको छ । उक्त मूल्यांकनबाट यस नगरपालिकाले ७०.३४ प्रतिशत अंक प्राप्त गरेको छ

१६. सडक विस्तार तथा स्तरोन्नती, पुल तथा कल्भर्ट निर्माण, सिंचाई, तटबन्ध, भवन निर्माण लगाएत पूर्वाधार निर्माण कार्य तिब्रगतिमा अघि बढिरहेको अवस्थामा मुलुक कोभिड -१९ को महामारीको चपेटामा परेको छ । जुन लक्ष्य, योजना र गतिका साथ अघि बढ्न खोजिएको थियो, त्यसमा व्यवधान आएको छ । यस महामारीका कारण हाम्रो प्राथमिकता बदलिएका छन् । अबको हाम्रो कार्यदिशा स्वास्थ्य, शिक्षा, कोभिड १९ को असर न्यूनिकरण, कृषि, रोजगारी र आर्थिक पुर्नरुत्थान हुनेछ ।

१७. स्वच्छता र सरसफाइका लागि सम्पुर्ण घर परिवारको तथ्याङ्क संकलन गरी WASH Plan, सडक, कृषि, पर्यटन गुरु योजना बनाई काम अगाडी बढाईएको छ । महिला लगायत लक्षित वर्ग र समुदायका लगभग १००० जना व्यक्तिहरुलाई वडा र नगरपालिका बाट विभिन्न सिपमुलक तथा आयमुलक तालिम सञ्चालन गरिएको छ ।

१८. कृषिमा आधुनिकरण, व्यवसायिककरण गरी उत्पादन बढाउन, कृषि क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि ५०% अनुदानमा उन्नत जातका विउ विजनहरु वितरण, नश्ल सुधार, पशुपन्छी खोप तथा उपचार सेवा, कृषकहरुलाई विभिन्न किसिमका सीपमुलक तालिमहरु प्रदान गरिएका छन् । छाडा पशु व्यवस्थापनको लागि

अस्थायी टहरा निर्माण गरिएको छ र यस को स्थायी व्यवस्थापन गर्न बहुउद्देश्यिय कान्जि हाउस निर्माणका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

१९. शिक्षा क्षेत्रको समग्र विकास, अनिवार्य र गुणस्तरीय शिक्षाका लागि शैक्षिक गुणस्तर सुधार अनुदान, उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरष्कार, मेयर कप प्रतियोगीता सञ्चालन, विद्यालयको भौतिक पूर्वाधार सुधार, बन्दाबन्दीको अवस्थालाई मध्यनजर राखी रेडियो मार्फत कक्षा सञ्चालन लगायतका कार्यहरु सञ्चालन भएका छन् ।

२०. नगरपालिकालाई भौतिक पूर्वाधार सम्पन्न बनाउनका लागि सडक विस्तार तथा स्तरोन्नति, सडक कालोपत्रे, कल्भर्ट, ह्युमपाइप, ट्रान्सफर्मर, विद्युत तार तथा पोल जडान, पुल पुलेसा, सामुदायिक भवन आदी निर्माण भएका छन् । मुरैया, कतर्नियाघाट र गणेस्थान सडक स्तरोन्नती सहित कालोपत्रे कार्य भैरहेको छ भने मानपुर टपरा, बुद्ध आ.वि. र जनचेतना मा.वि. को भवन निर्माण कार्य अगाडी बढिसकेको छ ।

२१. नगरपालिका र वडा कार्यलयहरुमा छिटोछरितो र पारदर्शी सेवा प्रदान गर्नका लागि Online व्यक्तिगत घटना दर्ता, Internet सेवा सञ्चालन भएको छ । साथै नगरपालिका कार्यालयमा संचार सहज र कार्य प्रभावकारीताको लागि Intercom जडान गरिएको छ ।

२२. चालू आ. व. मा सञ्चालन तथा सम्पादन गरिएका कार्य बाट नगरपालिकाले लिएको दिर्घकालिन सोच “कृषि, पर्यटन, उद्योग, भौतिक पूर्वाधार : समावेशी र समृद्ध राजापुरको मूल आधार” हाँसिल गर्नका लागि आधार तयार भएकोछ ।

**नगर सभाका अध्यक्ष ज्यू,**

अब म आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यकम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२३. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिईनेछ ।

२४. संक्रमण जोखिम रहदाँसम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गर्ने गरी तथा डिप्रेशनमा रहेका व्यक्ति र मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोसामाजिक सेवा उपलब्ध गराइनेछ ।

२५. कोभिड १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाईजर, पिपिई) हरुको अभाव नहुने गरी बजेट व्यवस्था गरिनेछ।

२६. कोभिड संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउन आवश्यक बजेट व्यवस्थापन गरिनेछ । यस्तो व्यवस्था गर्दा आवश्यकता अनुसार छिमेकी स्थानीय तहहरुसँग समेत समन्वय र सहकार्य गरिनेछ।

२०७७।३।१४

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया

२७. कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ । साथै एम्बुलेन्स, दमकल जस्ता सेवालाई चौबिसै घण्टा सञ्चालन हुने गरि तयारी अवस्थामा राखिनेछ ।

२८. सबै तहका स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिमको निःशुल्क आधारभुत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा सुनिश्चित गरी आर्युबेद, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रुपमा बिकास तथा बिस्तार गरिने छ । बिशेषज्ञ स्वास्थ्य सेवामा आम नागरिकको सुलभ पहुँच पुर्‍याउन बिशेषज्ञ स्वास्थ्य शिबिर संचालनको साथै स्वास्थ्य बिमा कार्यक्रमको बिस्तार तथा बिकास सुनिश्चित गरिने छ ।

२९. गुणस्तरीय औषधी तथा प्रबिधिजन्य स्वास्थ्य सामग्रीको आपुर्ति, भण्डारण, बितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापन मार्फत पहुँच एबं समुचित प्रयोग सुनिश्चित गरिने छ ।

३०. सरुवा रोग, किटजन्य रोग, पशुपंक्षी जन्य रोग जलबायु परिबर्तन र अन्य रोग तथा कोरोना भाईरस जस्ता महामारी नियन्त्रण लगायत बिपद् व्यवस्थापन पूर्ब तयारी तथा प्रतिकार्यको एकीकृत उपायहरु अवलम्बन गरिने छ ।

३१. नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा संबन्धित निकायलाई जिम्मेवार बनाउदै एकीकृत स्वास्थ्य प्रणाली तर्फ उन्मुख तथा मानसिक स्वास्थ्य, मुख, आँखा, नाक, कान, घाँटी लगायतका स्वास्थ्य उपचार सेवाको व्यवस्थापन तथा ल्याब टेस्टका लागि आवश्यक सामग्री खरिद गर्नका लागि संघ र प्रदश सरकारसँग समन्वय गरिनेछ ।

३२. पोषणको अवस्थालाई सुधार गर्न मिसावट, फाष्ट फुड तथा हानीकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एबम् स्वास्थ्यबर्धक खानाको प्रबर्धन, उत्पादन, प्रयोग र पहुँचलाई बिस्तार गर्दै पोषण संबन्धि बिबिध कार्यक्रमहरु संचालन गरिने छ ।

३३. कोरोना भाईरस रोकथाम तथा नियन्त्रण कार्यक्रम, सुत्केरी महिला, गर्भवति तथा बालबालिकाहरुमा हुने रक्तअल्पता र कुपोषण रोकथामका लागि पोषण बिशेष कार्यक्रमहरु संचालन गरिने छ ।

३४. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरीने सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरकिशोरी तथा प्रजनन् स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरीक सेवालाई गुणस्तरीय बनाई बिकास तथा बिस्तार गरिनुका साथै राजापुर नगरपालिकालाई पूर्ण खोपयुक्त तथा पूर्ण संस्थागत सुत्केरी नगरपालिका भएको सुनिश्चित गरिनेछ ।

३५. प्राथमिक स्वास्थ्य केन्द्र राजापुरमा १५ सैयाको अस्पतालमा स्तरोन्नति गरी प्रशूती शल्यक्रिया, हाईड्रोसिल, हर्निया, पाईल्स जस्ता माईनर सर्जरी सेवा तथा ल्याव सेवाको बिस्तार गर्न पहल गरिने छ ।

३६. प्रसुती सेवालाई प्रभावकारी, गुणस्तरीय बनाउन प्रशूती सेवामा संलग्न नर्सिङ स्टाफलाई एस.बि.ए.तालिम तथा आवश्यक सामग्रीको व्यवस्थापनको साथसाथै आमा तथा शिशुमा आउने जटिलता तथा मृत्युबाट बचाउन प्रसुती केन्द्र भएका स्वास्थ्य संस्थाहरुमा आपतकालिन चक्र कोषलाई निरन्तरता दिदैं बिकास तथा बिस्तार गरिने छ ।

२०७७/३/१८

### शिक्षा, युवा तथा खेलकुद

३७. आधारभुत तथा माध्यामिक शिक्षा (हाल कक्षा १देखि १०सम्म) लाई नि:शुल्क र अनिवार्य गरिने छ । साथै विद्यार्थी भर्ना अभियानलाई निरन्तरता दिईनेछ । नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधि प्रयोग गरि पठनपाठन सुचारु गर्ने वातावरण मिलाईनेछ ।

३८. शैक्षिक पात्रो निर्माण र कार्यान्वयन, विभिन्न किसिमका छात्रवृत्ति व्यवस्थापन र वितरणका साथै पुर्ण साक्षर राजापुर नगरपालिका घोषणा गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

३९. विद्यालय तहमा संचालन गरिने सबै कक्षा र परीक्षाहरुको निरीक्षण गरि आवश्यक पृष्ठपोषणलाई निरन्तरता दिईनेछ साथै आधारभुत तह उत्तीर्ण परीक्षाको उपलब्धिको आधारमा उत्कृष्ट विद्यार्थी र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

४०. संस्थागत विद्यालयमा अनियमित रुपले लिइने कुनै पनि शैक्षिक शुल्क नियन्त्रण गरि अनुमति बिना संचालनमा रहेका संस्थागत विद्यालयलाई नियमन गरिनेछ । स्वच्छ, स्वस्थ र सुरक्षित विद्यालय निर्माणका लागि पहल गरिनेछ र विषम् परिस्थितिलाई मध्यनजर गरि दूर शिक्षा तथा बैकल्पिक शिक्षाको अवधारणालाई आत्मसात् गरिनेछ ।

४१. खेल जगतमा युवाहरुलाई आकर्षित गर्नका लागि नगरस्तरीय खेलकुद समिति गठन गरिनेछ । मेयरकप प्रतियोगिता लाई निरन्तरता दिदैं अतिरिक्त कियाकलापलाई व्यवस्थित तरिकाले अगाडि बढाउन राजापुर नगरपालिका भित्र १ देखि १० वटै वडामा खेल मैदानको सम्भाव्यता अध्ययन गरि व्यवस्थापनको लागि पहल गरिनेछ । साथै **"एक नगरपालिका एक रंगशाला"** को लागि प्रदेश सरकारसँग समन्वय गर्नुका साथै **"एक वडा एक खेल मैदान" को** अवधारण लागु गरिनेछ ।

४२. शिक्षक तथा कर्मचारीको पेशागत दक्षता अभिवृद्धिका लागि विभिन्न किसिमका तालिम गोष्ठीको संचालन गर्नुका साथै बालबालिकालाई कलात्मक र प्रयोगात्मक शिक्षण विधिद्धारा सिकाइने वातावरण मिलाइनेछ ।

४३. यस नगरपालिका भित्रका विद्यालयहरुमा नि:शुल्क स्यानिटरी प्याड वितरण गरिने छ । यसको थप व्यवस्थापनका लागि समिति, आवश्यक कार्यविधि निर्माण गरी लागु गरिनेछ । राजापुर नगरपालिकाको वडा नं. ४ संघर्षनगरमा रहेको शिशु स्याहार केन्द्रलाई थप व्यवस्थापन गरिनुका साथै विद्यालयमा जुनियर युवा रेडकस, युवा रेडकस र बालक्लबहरु गठन गर्न प्रोत्साहन गरिनेछ ।

### महिला बालबालिका तथा समाज कल्याण

४४. स्थानिय स्तरमा हुने सबै नीति निर्माण कार्यमा महिलाको सारभूत सहभागिता सुनिश्चित तथा लैंगिक समानता कायम गरी असल अभ्यासको अनुकरण गरिनेछ ।

४५. महिलाको श्रम र समयको बचत गर्ने प्रबिधिको प्रयोगमा जोड दिई सबै क्षेत्रमा समान रुपमा अबसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चित गर्नुका साथै बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, लागुऔषधी जस्ता अपराध विरुद्ध शुन्य सहनशीलताको नीति अपनाईने छ ।

४६. व्याप्त घरेलु हिंसा , वाल विवाह , मानव बेचबिखन ,दाइजो प्रथा , बहुबिवाह लैंगीक हिंसा जस्ता प्रथाको न्यूनिकरणको लागि वहस पैरवी तथा चेतनामुलक कार्यक्रमहरु तर्जुमा गर्नुका साथै महिला हिंसा पिडितको राहात, उद्धार, निःशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र सिपमुलक कार्यक्रमको लागि आपतकालिन कोष स्थापना गरिनेछ ।

४७. सडक बालबालिका अनाथ असहाय ,अशक्त ,अपांगता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको लागि खानपान, स्वास्थ्य, तथा सुरक्षाको लागि उपयुक्त मापदण्ड बनाई त्यसको सेवालाई सहज र प्रभावकारी बनाईनेछ ।

४८. बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा वालअधिकार सूचकहरु पूरा गर्न आवश्यक स्रोत साधनको व्यबस्थापन, वालमैत्री वडा, बालमैत्री नगरपालिका घोषणा गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४९. ज्येष्ठ नागरिकको सामाजिक तथा आर्थिक हक अधिकार संरक्षणको लागि जेष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरी उहाँहरुलाई सम्मान, आदर र सहजताको लागि बिभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिनेछ ।

५०. जेष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान र आदर गर्नुका साथै ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपूस्ता सीप हस्तान्तरण, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

५१. सबै प्रकारका अपांगता भएका व्यक्तिहरुको लागि स्वास्थ्य उपचार सहयोगी सामग्रीको व्यबस्थापन र आयआर्जनका कार्यक्रम तर्जुमा गर्नुका साथै सार्वजनिक भौतिक संरचना तथा यातायातका साधन अपांगमैत्री बनाईनेछ ।

५२. दलित, बादी समुदाय, जनजाति, पिछडिएका वर्ग, एकल महिला, बालबालिका, अपाङ्ग, गरिबहरुका लागि विशेष कार्यक्रम ल्याइने छ ।

**कृषि तथा पशु सेवा**

५३. कृषि प्रोफाइल अनुरुप बाँझो जग्गाहरुको एक्रिकृत तथ्याङ्कहरु संकलन र पूर्ण उपयोगको व्यवस्था मिलाईनेछ । खेतीयोग्य जग्गालाई बाँझो हुन नदिन खाद्य बाली, नगदे बाली, तरकारी खेती, फलफूल खेती, मसलाबाली खेतीप्रति कृषकहरुलाई आकर्षण गर्न भूमि बैंकको अवधारणा कार्यन्वयनका लागि सहजिकरण गरिनेछ । **"नगर प्रमुख युवा उद्यमी कृषक प्रबर्द्धन कार्यक्रम"** लागु गरिनेछ ।

५४. कृषि पेशालाई सम्मानित तथा मर्यादित बनाउनका लागि अगुवा तथा नमूना कृषकहरुलाई परिचय पत्र वितरणको लागि तयारी गरिनेछ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि ५० प्रतिशत विभिन्न किसिमका अनुदान तथा विशेष अनुदान, मिनी ल्याव स्थापना गरी कृषकहरुको उत्पादन बृद्धि गरिनेछ । अति

विपन्न कृषकहरुको लागि ५० प्रतिशत अनुदानमा साना मेसिनरी औजार वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

राजापुर नगरपालिका
नगर कार्य पालिकाको कार्यालय
राजापुर, बर्दिया
२०७३

५५. कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । विदेशबाट फर्किएका तथा बेरोजगार युवाहरुलाई कृषि तथा पशु पालन पेशामा आकषित गर्न कृषि यान्त्रिकरणलाई जोड दिईनेछ । कृषक तथा सम्बन्धित सरोकारवालाहरुको समन्वयमा खाद्यान्नवाली (धान, गहुँ, मकै) को बीउ उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

५६. नगरभित्रका सहकारीहरुलाई सामुहिक कृषि उत्पादन गर्न लगानीमैत्री वातावरण तथा विशेष अनुदानको व्यवस्था गरि सहकारी संघसंस्थामार्फत उत्पादित वस्तुहरूको प्रशोधन, भण्डारण, बजारीकरण र विविधिकरण सम्बन्धि आयोजनाको लागि प्राविधिक सहयोग उपलब्ध गराईनेछ । **"एक वडा एक हाट वजार"** कार्यक्रम अगाडि बढाइनेछ ।

५७. प्राङ्गारिक खेतीलाई जोड दिदै कम्पोष्ट मल उत्पादन, गड्यौली मल उत्पादन कार्यलाई जोड दिई रासायनिक मलको सहज आपूर्तिकालागि आवश्यक समन्वय गरिनेछ ।

५८. दुग्ध उत्पादक कृषकहरुको हितका लागि तथा बेरोजगार युवा तथा कृषकहरुलाई पशुपालन तथा तरकारी खेती व्यवसायमा आकर्षित गर्न दुध तथा तरकारीमा आत्मनिर्भर हुन कार्यक्रम संचालन गरिनेछ ।

५९. घाँसमा आधारित पशुपालन गरि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न र उत्पादन लागत कम गर्न पशु आहार सेवा कार्यक्रम संचालन गरिनेछ । पशुपालन व्यवसायलाई समय सापेक्ष व्यवस्थित गर्न पशुपालक कृषकहरुलाई विषयगत तालिम तथा जनचेतनामुलक कार्यक्रमहरुको संचालन गरिनेछ ।

६०. पशुको नश्ल सुधार गरि पशुजन्य उत्पादकत्व बृद्धिका लागि सम्बन्धित निकायसंगको समन्वयमा कृत्रिम गर्भाधान कार्यक्रमहरुको विस्तार गरिनेछ । उच्चमूल्यका पशुपन्छीजन्य वस्तुहरुको उत्पादन र बजार व्यवस्थापनमा जोड दिईने छ ।

६१. संघीय सरकारले तोके बमोजिमको **"एक गाउँ एक कृषि प्राविधिक"** कार्यक्रमलाई आवश्यक समन्वय गरि निरन्तरता दिईनेछ ।

**संस्कृती तथा प्रर्यटन**

६२. पर्यटकीय क्षेत्रको प्रचारप्रसार र विस्तारका लागि पर्यटकीय सम्पदा, पर्यटन स्थलहरु र पर्यटन मार्गमा पर्यटनमैत्री पुर्वाधार विकास गरि पर्यटन प्रवर्द्धनको लागि विशेष जोड दिइनेछ ।

६३. डि.पि.आर. तयार भैसकेका पर्यटकिय क्षेत्र अर्नहवा ताल व्यवस्थान, पिक्निक स्पोटको निर्माण कार्यलाई अगाडि बढाउन केन्द्र र प्रदेश सरकारसँग पहल गरिनेछ भने चिल्ड्रेन पार्क, थारु सांस्कृतिक संग्रहालय र कोल्ड स्टोरको लागि डि.पि.आर. तयार गरिनेछ ।

२०७६।३।१४

६४. स्थानिय भाषा संस्कृतीको जगेर्ना गर्ने गरि समुदायमा आधारित होमस्टे, पर्यटनको विस्तार तथा संरक्षण, धार्मिक , ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको खोज पहिचान, परम्परागत चाडपर्व, जात्रा, मेला, कला संस्कृतिको संरक्षण तथा प्रचारप्रसारको लागि पोष्टर, पम्पेलेट छपाइनुका साथै डकुमेन्ट्री बनाइनेछ ।

**उद्योग तथा वाणिज्य**

६५. नगर क्षेत्रभित्र संचालनमा रहेका उद्योग, कलकारखानाहरुलाई बढावा दिदै थप उद्योग कलकारखाना संचालनमा ल्याउन उद्योगी र लगानीकर्ताहरुलाई प्रोत्साहन गरिनेछ । सञ्चालनमा रहेका उद्योग, फर्म तथा पसलहरूको दर्ता नवीकरण, नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।

६६. स्थानीय स्रोत साधन र सम्भावना तथा तुलनात्मक लाभको आधारमा औद्योगिक ग्राम निर्माण गरि गरिबी निवारणमा टेवा पुग्ने कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक किसान र महिला उद्यमीलाई सहुलियत सहितको वित्तीय पहुँचमा सुनिश्चित गरि रोजगारी सिर्जनामा प्रोत्साहन गरिनेछ ।

६७. कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै व्यापारिक नैतिकता र अनुशासन कायम गरि उपभोक्ता हित संरक्षण गर्ने नीति लिइनेछ ।

**सहकारी तथा संघ संस्था**

६८. सार्वजनिक, निजी र सहकारी तीनखम्बे अर्थनीति अवलम्बन गरिनेछ ।

६९. नगरभित्र सहकारी संस्थाहरुको अवस्था विश्लेषण गरी पूर्वाधार निर्माण, संस्थागत र व्यवसायिक विकासमा जोड दिन आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै सहकारी संघसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।

७०. सहकारी संस्थाहरुको एकीकरणका लागि तोकिएको कानुनी व्यवस्था बमोजिम कार्यविधि बनाई एकीकरण कार्यमा जोड दिइनेछ । संख्यात्मक रुपमा सहकारी संस्थाहरुलाई कम गरी गुणात्मकतामा जोड दिन आर्थिक तथा प्राविधिक सहयोग तथा नियमित रुपमा अनुगमन प्रणालीको विकास गरिनेछ ।

७१. सहकारी सम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) को कार्यान्वयन गरिनेछ ।

७२. सहकारी संस्थाका प्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा जोड दिँदै सहकारी क्षेत्रमा रहेका समस्या र चुनौतीको सामना गर्न सक्ने संस्था निर्माण गरी सुशासन कायम गर्न तथा दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारीकर्मी, सहकारी संस्था, सरोकारवालासँग समन्वय गरी नियमन प्रर्वधन तथा प्रशिक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

७३. राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुबाट हुने सहयोग तथा कार्यक्रमलाई एकद्धार प्रणालीबाट संचालन गर्न सहजिकरण गरिनेछ ।

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
५ नं. प्रदेश
२०७३

नगर सभाका अध्यक्ष ज्यू,

७४. यस आर्थिक वर्ष २०७७/०७८ मा राजापुर नगरपालिकाको नगर गुरुयोजना तर्जुमा गरि अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन विकास लक्ष्यहरु निर्धारण गरिनेछ र नगर गुरुयोजनाका आधारमा योजनाहरुको प्राथमिकताक्रम निर्धारण गरेर आगामी वर्षहरुमा योजनाबद्ध ढंगले विकासका कार्यहरु संचालन गरिनेछ । साथै पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी, भौतिक दुरि कायम गरि निर्माण कार्य अघि बढाइनेछ ।

७५. विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ का कारणले पछाडी परेका विकास निर्माण कार्यलाई प्राथमिकतामा राखी पूर्णता दिइने छ ।

७६. वातावरणीय प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment-EIA)/प्रारम्भिक वातावरणीय परिक्षण (Initial Environmental Examination-IEE) गर्ने कार्यलाई जोड दिइनेछ ।

७७. पूर्वाधार निर्माणको क्षेत्रमा जनपरिचालन र जनसहभागितामा आधारित कार्यक्रमलाई संचालन गर्न, भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्न उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ ।

७८. नगरपालिका क्षेत्रमा ६ मीटर भन्दा कम चौडाईका सडकमा लगानी नगर्ने नीति लिनुका साथै नगर यातायात गुरुयोजना तयार गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा अन्य मुख्य सडकको स्तरोन्नती गरिनेछ ।

७९. विकास निर्माणका आयोजना संचालन गर्दा आउने अवरोध, बाधा र द्वन्दको निराकरण गर्न विवाद समाधान समिति गठन गरि समन्वय र सहजीकरण गरिनेछ ।

८०. राजापुर नगरपालिकाको पूर्व र पश्चिम तर्फ रहेको गेरुवा कर्णाली नदीको कटानलाई रोकथाम गर्न र यस नगरपालिकामा विभिन्न स्थानमा झोलुङ्गें पुल निर्माणको लागि केन्द्र र प्रदेश सरकारसँग पहल गरिनेछ ।

८१. बुढी कुलामा आउने अत्याधिक बालुवाले सिंचाई कुला तथा निकासको झरनहरु पुरिदै डुवानको समस्या देखिएकाले सो को व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

८२. यस राजापुर नगरपालिकाको नगर भू-उपयोग नीति तथा भवन निर्माण संहिता निर्माण गरि यथाशिघ्र लागु गरिनेछ । अब उपरान्त निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको अधिनमा रही अपाङ्गमैत्री, भुकम्प प्रतिरोधात्मक बनाइनेछ ।

८३. सुरक्षित घर निर्माणका लागी नक्सा पास गरी घर निर्माण गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ र यस अघि निर्माण भएका घरहरुको अभिलेखिकरण (नियमित पास) यस वर्ष भित्र सम्पन्न गर्न अभियान चलाईनेछ ।

८४. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागू गर्न निर्माण व्यवसायि तथा डकर्मिहरुलाई चरणबद्धरुपमा तालिम दिइनेछ । यसरी तालिम लिएका व्यवसायीलाई मात्र

नगर भवन निर्माणको अनुमती दिने व्यवस्था गरिनेछ । अनुगमनलाई नियमित र व्यापक बनाई मापदण्ड विपरित संरचनाहरुको लगत लिने कार्य समेत अघि बढाइनेछ।

**रोजगार**

८५. कोभिड-१९ पछिको थप रणनीति र कार्ययोजना तयार गरी क्षेत्रगत विशेष कार्यक्रम संचालन गरिनेछ । महामारीका कारण रोजगारी गुमाएका, वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई युवा लक्षित कार्यक्रम संचालन गरिनेछ त्यस्ता व्यक्तिहरुको सीप विवरण रोजगार सूचना केन्द्रमा अध्यावधिक गरी स्थानीय रुपमा उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि क्षेत्रमा रोजगारदातासँग समन्वय गरि रोजगार सृजना गरिनेछ ।

८६. नगर क्षेत्रभित्रका बेरोजगारहरुको पहिचान गरि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्न थप क्षेत्रहरुको पहिचान गरि रोजगार कार्यक्रमलाई अगाडी बढाइनेछ ।

८७. नगर भित्रका बेरोजगार युवा युवतीहरुलाई स्वरोजगार बनाउन स्थानिय श्रोत साधनको उपयोग हुने गरि परम्परागत पेशा र आधुनिक सिपसँग साक्षात्कार गराउन बिभिन्न किसिमका तालिमहरु संचालन गरिने छ । साथै दलित समुदायको सिप र कलालाई आधुनिकीकरण गर्नका लागि तालिम र सामाग्रीको व्यवस्था गरिनेछ।

८८. गैह्र सरकारी क्षेत्रलाई आर्थिक सामाजिक विकासको साझेदारीका रुपमा लिइनेछ र उनीहरुको क्षमता र अनुभवका आधारमा विकास प्रक्रियामा सहभागी र परिचालन गरि रोजगारीको अवसर सिर्जना गरिनेछ ।

**नगर सभाका अध्यक्ष ज्यू,**

८९. विपद्को पूर्व तयारीका लागि सम्भाव्य जोखिमको पहिचान र न्यूनीकरण गर्ने, क्षतिको पूर्वानुमान गर्ने र सतर्कताका लागि पूर्व चेतावनी गर्ने प्रणालीको विकास गरिनेछ । विपद् व्यवस्थापन पूर्वाधार निर्माण गरी आवश्यक सामग्रीको भण्डारण गरिनेछ ।

९०. स्थानीय तह, निजी क्षेत्र, गैर सरकारी संघसंस्था तथा समुदायको समन्वयमा एकीकृतरुपमा खोज, उद्धार र राहतको व्यवस्था मिलाईनेछ । कर्णाली नदी, गेरुवा नदी तथा बुढीकुलोमा आउने बाढी नियन्त्रणको लागि केन्द्र सरकारसँग समन्वय गरी तटबन्ध निमाण कार्य अघि बढाईनेछ । साथै स-साना खोला नियन्त्रण र व्यवस्थापनको लागि समुदायको सहभागितामा जैविक तटबन्धको निर्माण गरिनेछ ।

९१. नगरक्षेत्रमा सरसफाई तथा वातावरण सम्बन्धि चेतना अभिवृद्धि गरि प्रत्येक वडामा **"एक घर दुई विरुवा"** कार्यक्रमलाई थप विस्तार गर्नुका साथै १० मिटर भन्दा माथिका बाटो किनारमा अनिवार्य वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । पानीको स्रोतको संरक्षण र संवर्द्धन गरी नगरबासीलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ ।

९२. वनको सुरक्षा, वृक्षारोपण, जैविक विविधता संरक्षण र विकासलाई उच्च महत्व दिई वनको बहूउपयोग गर्ने गरी वन क्षेत्रका कार्यक्रम संचालन गर्न संघ तथा प्रदेशसँग समन्वय गरिनेछ । सामुदायिक वन संरक्षण र

वन्यजन्तुको संरक्षणमा विषेश पहल गरिनेछ । वन्यजन्तुको आक्रमणबाट जोगिन विधुतिय तारबारको व्यवस्था गरिनेछ ।

९३. कोभिड १९ लगायत अन्य विपद्हरुको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुर्नलाभका कार्यक्रम सञ्चालन गर्न विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९४. हाल सञ्चालित सरसफाई कार्यक्रमलाई निरन्तरता दिँदै ट्रिटमेन्ट प्लान्ट (ढलनिकास) को लागि रणनितीक योजना निर्माण गरिनेछ । फोहारमैला व्यवस्थापनको लागि ल्याण्ड फिल साइटको व्यवस्था गर्न केन्द्र र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ । स्वच्छ नगरपालिका कार्यक्रमलाई थप व्यवस्थित गर्न सेफ्टी ट्याङ्की सफा गर्ने उपकरण खरिद गरिनेछ ।

९५. राजापुर नगरपालिकाको आफ्नो Website मा विपद्का सबै सूचनालाई व्यवस्थित गरिनेछ । विपद् जोखिम व्यवस्थापन कार्यविधि निर्माण गरि लागु गरिनेछ ।

**सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास**

९६. नगरवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न सेवा प्रवाहलाई प्रभावकारी बनाउन नतिजामा आधारित कार्य सम्पादन प्रणाली तथा संस्थागत क्षमता अभिवृद्धि गरिने छ । कर्मचारीहरुको क्षमता वृद्धि गर्न, मनोवल उच्च राख्न र कार्य सम्पादनलाई व्यवस्थित गर्नका लागि तालिम, प्रशिक्षण, कार्य सुरक्षा, प्रोत्साहन भत्ता तथा कार्यसम्पादनमा आधारित पुरस्कारको व्यवस्था गरिनेछ ।

९७. स्थानिय तह संचालनका लागि आवश्यक पर्ने थप नीति, आवधिक योजना तथा गुरुयोजना र कानूनको तर्जुमा गरी नगरपालिकाको कार्यलाई थप व्यवस्थित बनाइनेछ ।

९८. नगरपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने सेवा सुविधाहरुमा छिटो, छरितो, सहभागितामूलक, पारदर्शी, जवाफदेही, प्रभावकारी वनाउन सेवाग्राहीको पहुँचलाई सरल एवम् सहज बनाउन, सूचना प्रवाह, सूचना प्रविधिको प्रयोग, सेवाग्राहीमैत्री संरचना, कामप्रति प्रतिवद्ध कर्मचारी विकासमा जोड दिइनेछ । नगरपालिका तथा वडा कार्यालयहरुमा Digital Information System को व्यवस्था गरिनेछ ।

९९. सेवा प्रवाह र प्रशासनिक कार्यलाई सहज वनाउन यस नगरकार्यपालिकाको भवनलाई अझै व्यवस्थित बनाईनेछ । वडा नं. १, ३ र ८ को वडा कार्यालय तथा स्वास्थ्य केन्द्र स्थापनाको लागि प्रक्रिया अगाडि बढाइएको छ । ५, ७ र १० वडा कार्यालयको निर्माणाधिन भवन निर्माणकार्य लाई निरन्तरता दिइनेछ ।

१००. जनताको गुनासो व्यवस्थापनका लागि नगरकार्यपालिकामा नगर प्रमुखको संयोजकत्वमा र वडा कार्यालयमा वडा अध्यक्षको संयोजकत्वमा गुनासो व्यवस्थापन समिति गठन गरी गुनासोको सुनुवाईका लागि सहकार्य गरिनेछ । नगरवासीहरुको राय सुझाव संकलन गर्न, गुनासो व्यवस्थापन र जवाफदेहिता वहन गर्नका लागि हरेक वडा र नगर कार्यपालिकामा गुनासो पेटीकाको व्यवस्था गरिनुका साथै हरेक महिनाको एक दिनलाई **"जनतासँग मेयर कार्यक्रम"** संचालन गरिनेछ ।

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
५ नं. प्रदेश

१०१. राजापुर नगरपालिकाबाट गरिने विविध कार्यक्रमहरुको खर्चमा मितव्ययीता तथा एकरुपता कायम गर्न खर्च मापदण्ड बनाई लागू गरिनेछ । ५ बर्षे खरिद गुरुयोजना तयार गरिनेछ र सोही आधारमा बार्षिक खरिद योजना बनाई लागू गरिनेछ । सुशासनमा जोड दिनुका साथै भ्रष्टाचारमा शून्य सहशिलताको नीति लिइनेछ।

१०२. जनप्रतिनिधीहरुलाई समयानुकूल प्रविधिमैत्री बनाउन र क्षमता विकास गर्नका लागि कार्यक्रम संचालन गरिनेछ ।

१०३. यस राजापुर नगरपालिकामा चोरी, बलात्कार, हत्या, लागू औषध दुर्व्यसनी, लैङ्गिक हिंसा जस्ता जघन्य अपराध रोकि शान्ति सुरक्षाको स्थितिलाई कायम राख्न इलाका प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय तथा भारतसँगको खुला सीमानाका कारण हुनसक्ने अवाञ्छित गतिबिधि, अवैध व्यापारलाई रोक्न र सीमा सुरक्षाको लागी सीमा सुरक्षा बल सँग हरदम सहकार्य र सहजिकरण गरिनेछ ।

१०४. सहज पहुँचयुक्त न्याय प्रणालीको प्रवर्द्धनका लागि न्याय सम्पादनलाई छिटोछरितो, सरल, सुदृढ, व्यवस्थित, प्रभावकारी र समय सापेक्ष बनाईने छ । न्यायिक समितिबाट सम्पादन गरिने न्याय प्रणालीलाई थप व्यवस्थित गर्दै लगिने छ ।

१०५. राजश्वको दायरा लचिलो र फाराकिलो पार्दै करमैत्री वातावरण निर्माण गरिनेछ । व्यवसायको प्रकार, प्रकृति र श्रेणी अनुसारको कर असुली गर्न, नगरभित्रका सम्पूर्ण व्यवसायहरुलाई करको दायरामा ल्याई करदाताहरुलाई कर तिर्न प्रोत्साहन गरिनेछ ।

१०६. अन्त्यमा, नीति तथा कार्यक्रम तयार पार्न सहयोग गर्ने तथा सल्लाहसुझाव दिनुहुने सम्पुर्णमा यस राजापुर नगरपालिकाको तर्फबाट आभार प्रकट गर्दै कार्यान्वयनमा सहयोग हुने विश्वास व्यक्त गर्दछु।

१०७. साथै नगरपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसञ्चार जगत लगायत सम्पूर्ण दिदी वहिनी तथा दाजुभाईहरु लगाएत राजापुर नगरपालिकाको समग्र विकासमा सहयोग पुऱ्याउने सम्पूर्ण विकास साझेदारहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

२०७६।३।१४
शिव प्रसाद चौधरी
नगर प्रमुख